सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १५८ ♦ २०८१ साल माघ ४ गते शुक्रवार ♦ 17 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मुआब्जा विवाद नसुल्झाई रेल विभागले टेन्डर प्रक्रिया थाले पछि बर्दिबासका जग्गाधनीले विरोध

**खबर दर्पण समाचारदाता**

**माघ ३ गते, बर्दिवास**

अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले टेन्डर प्रक्रिया थालेका कारण महोत्तरीको बर्दिबासका जग्गाधनीले विरोध जनाएका छन् ।

जनकपुर बर्दिबास रेल परि योजना अन्तर्गत बर्दिबास नगर पालिकामा रहने स्टेसन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गरिरहेका १४ घरपरि वारहरूले सीमाङ्कन गरी विवाद समाधान गरी मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए ।

विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा टेन्डर प्रक्रिया थालेका कारण नसक्दा काम अघि बढ्न सकेको छैन । स्टेसन छेउमा रहेको उक्त जग्गा २०२२ सालमा नापीले जापजाँच गरेको थियो । तर, त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमै प्रतिकठ्ठा ६१ लाख रुपैयाँमा मुआब्जा वितरण भइसकेको छ । तर लालपुर्जा लिन छोडेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको छ ।

रेल विभागका प्रवक्ता कमल कुमार शाह उक्त जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा विभाग प्रस्ट रहेको भए पनि लालपुर्जा नभएको कारण दिन नसकिएको बताउँछन् । उक्त जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरि सकिएको भन्दै उनले तर सर कारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको बताउँछन् ।

सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेका छन् । मुआब्जा नपाएकामध्ये एकजना पीडित माधव दाहाल यो जग्गा ऐलानी नभएर नम्बरी नै रहेको भन्दै लालपुर्जा मात्रै लिन छुटेको बताउँछन् । २०७८ सालमा प्रतिकठ्ठा ६१ लाख दिइएको जग्गामा तीन वर्षको मूल्यवृद्धि जोडेर मुआब्जा पाउनुपर्ने उनको भनाइ छ ।

आफूहरूले जायजेथा छोडेर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने उनको भनाइ छ । यसबारे पीडितसँग विभाग र ठेकेदारले स्थानीयसँग पटकपटक वार्ता गरेका थिए ।

फाइल फोटो




तर स्थानीयले सिमांकन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेपछि ठेकेदार ले पनि यी क्षेत्रमा काम अघि बढाएका छैनन्।

रेल विभागले सीमाङ्कन बिनै टेन्डर गरिदिँदा स्थानीयवासीको जग्गाहरू जथाभाबी अधिग्रहण गरेका छन् । एउटै मापदण्डमा परेका जग्गाहरूको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ ।कतिलाई समयमै मुआब्जा दिइएको छ भने कतिलाई वर्षौं धाउँदासमेत

बाँकी पृष्ठ ३

## बर्दिबासमा रामजानकी फनपार्कको जग्गा प्राप्तिमा विवाद

**खबर दर्पण समाचारदाता**

**माघ ३ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाले गौरवको योजनाअन्तर्गत अघि सारेको रामजानकी फनपार्क निर्माणको जग्गा प्राप्तिको काम विवादित बनेको छ ।

पालिकाले फनपार्क निर्माणका लागि जग्गा प्राप्ति गर्न भन्दै गत असोज १७ गते सूचना प्रकाशन गरेपछि फनपार्क बनाउने भनिएको क्षेत्रका जग्गाधनीले उक्त क्षेत्रमा प्रशस्त ऐलानी जग्गा भएकाले आफूहरूको जग्गा मासेर पार्क नबनाउन अनुरोध गरेका हुन् ।

जग्गाधनीको असहमतिकै बीच मालपोतबाट जग्गा रोक्का गरिएको सूचना पाएपछि जग्गाधनी फनपार्क बन्न नदिने भन्दै आक्रोशित बनेका छन् । नगरले आफूखुसी अन्यायपूर्ण काम गरेको भन्दै फनपार्कका लागि जग्गा नदिने र नगरले दिने मुआब्जा पनि आफूहरूले नलिने जग्गाधनी गंगाराम खर्गाले बताए ।

बर्दिवास-१४ स्थित रातु नदी किनारामा करिब ३९ बिघा क्षेत्रमा बन्ने भनिएको फनपार्क निर्माणका लागि नगरपालिकाले व्यक्तिका नामको करिब ३ बिघा जग्गा अधिग्रहणका लागि रोक्का गराएको छ । ३६ बिघा ऐलानी जग्गा प्राप्तिको प्रक्रिया अघि बढाएको पालिकाले व्यक्तिका जग्गा रोक्का गरेपछि फनपार्कका लागि जग्गाधनीले निजी जग्गा नदिने बताएका हुन् ।

नगरपालिकामा सबै जग्गाधनीले जग्गा दिन नसक्ने भन्दै निवेदन दिएकाले अन्य विकल्पमा जान पालिकालाई आग्रह गरिएको विनाकुमारी साहले बनाइन् । जग्गाधनीले पार्क बनाउन उपयुक्त ठाउँमा नबनाएर मतदाता खुसी बनाउन उक्त ठाउँमा बनाउने योजना बनाएको, बर्दिवास बाहिरका बासिन्दा जग्गाधनी भएकाले हटाउने योजना बुनेको,



साम्प्रदायिक विभेद गरी उठिबास लगाउन खोजेको र बर्दिवास नगरपालिकाले उक्त क्षेत्रमा भएको नदीजन्य पदार्थको अवैध दोहनले बनाएको खाल्डा पुर्ने भन्दै गल्ती सच्याउन उक्त क्षेत्रमै पार्क बनाउने योजाना अघि सारेको आरोप लगाएका छन् । बर्दिवास नगरपालिकाले भने उक्त जग्गाको विषयमा एक वर्षअघि नै विवाद टुंगिएको बताएको छ । उक्त जग्गामा भएका खाल्डामा जमेको पानीमा

बाँकी पृष्ठ ३ मा

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बटेश्वर गाउँपालिकाका युवाले पछिल्लो समय सरकारी सेवामा उल्लेखनीय सफलता हासिल गर्दै

**विजयकुमार साह**

**माघ ३ गते, ढल्केवर**

धनुषा जिल्लाको बटेश्वर गाउँपालिकाका युवाले पछिल्लो समय सरकारी सेवामा उल्लेखनीय सफलता हासिल गरिरहेका छन् । शिक्षित युवाको संख्या बढ्दै जाँदा लोक सेवा आयोगका परीक्षा पास गरेर सरकारी सेवामा प्रवेश गर्नेको संख्या उल्लेखनीय रूपमा बढेको छ ।

स्थानीय दीपेन्द्र सिंहका अनुसार सुरक्षित जागिर, नियमित सेवा सुविधा र सामाजिक प्रतिष्ठासँग जोडिएकाले पनि यहाँका युवा सरकारी सेवाप्रति आकर्षित भएका हुन् । यहाँका अभिभावकले छोराछोरीलाई पढाएर दक्ष बनाउने सोच र ाखेका छन् । वैदेशिक रोजगार मा रहेका अभिभावकले पनि आफूले भोगेको दुःख छोराछोरीले भोग्न नपरोस् भनेर शिक्षामा लगानी गरेका छन् । सिंहले भन्नुभयो, 'पछिल्ला दुई वर्षमा धनुषामा लोक सेवाका परीक्षा पास गर्नेमा बटेश्वर गाउँपालिकाका युवाको संख्या उच्च छ । यहाँका धेरै जसो अभिभावक मध्यमवर्गीय किसान हुन्, जसले शिक्षाको महत्व बुझेर आफ्ना सन्तानलाई शिक्षित बनाउन जोड दिएका छन् ।' यसमा स्थानीय तह तथा सरकारी निकायको खासै योगदान नभएर अभिभावक स्वस्फूर्त रूपमा छोराछोरी शिक्षित बनाउन लागेको सिंहको भनाइ छ ।

गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय स्रोतका अनुसार हालसम्म करिब तीन सयदेखि चार सय युवाले लोक सेवाका परीक्षा पास गरी सरकारी सेवामा योगदान पुऱ्याइरहेका छन् । यद्यपि यसबारे यकिन तथ्यांक संचालन भने चुनौतीपूर्ण रहेको छ ।

शिक्षक सेवा आयोगमार्फत प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकका रूपमा धेरैले काम गरिरहेका छन् । त्यस्तै स्टाफ नर्स, स्वास्थ्य सहायक र मेडिकल अफिसर जस्ता स्वास्थ्य सेवाका पदमा पनि यहाँका व्यक्ति कार्यरत छन् । बटेश्वरका युवा नेपाल प्रशासन सेवा, लेखा, निरीक्षक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनामा समेत सक्रिय छन् ।



कलाकार फूलगेन मगहीले यहाँ सरकारी सेवामा प्रवेश गर्ने लहर नै चलेको बताउनुभयो । सरकारी जागिर युवाको पहिलो र ोजाइ बनेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यसले नयाँ पुस्तामा पछिल्लो समय लोक सेवा तयारी गर्ने उत्साह बढेको छ । निजी तयारी कक्षाका साथै अनलाइन माध्यमबाट पनि तयारीमा जुटेका छन् । सरकारी सेवामा पुगेका युवाले गाउँमा आङ्+ नो अनुभव बाँड्दै तयारी कक्षा सञ्चालन गर्न थालेका छन् । यसले आगामी वर्षमा सरकारी सेवामा प्रवेश गर्ने युवाको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।

स्थानीय राजकिशोर महतोले ग्रामीण क्षेत्रका युवाले देखाएको परिश्रम उदाहरणीय रहेको बताउँदै गाउँपालिकाले अझ प्रभावकारी कार्यक्रम ल्याउन सके युवाको सफलता अझै बढ्ने विश्वास व्यक्त गर्नुभयो । युवाको सरकारी सेवामा बढ्दो सहभागिताले यहाँको शैक्षिक र सामाजिक चेतनाको विकासलाई उजागर गरेको छ ।

बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले शिक्षाको विकासलाई प्राथमिकतामा र ाखेको बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले समय समयमा लोक सेवा तयारी कक्षाको आयोजना गर्दै आएको छ । अध्यक्ष महतोले भन्नुभयो, 'सरकारी सेवामा पुगेका व्यक्ति हाम्रो गाउँका प्रेरणाका स्रोत हुन् । आगामी दिनमा तयारी कक्षाको स्तरोन्नति गर्दै प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने योजना छ ।'


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मटिहानी नगरपालिका**
**महोत्तरी**


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मकर** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## बर्दिबासमा रामजानकी ....

डुबेर मानवीय क्षति भइसकेकाले खाल्डा पुर्नुपर्ने वा नगरलाई जग्गा दिनुपर्ने विषयमा छलफलपछि खाल्डा पुर्ने कार्य नभएकाले उक्त क्षेत्रमा खाल्डा पुर्ने र पार्क बनाउने गरी नगरपालिका अघि बढेको बर्दिवासका नगर प्रमुख प्रल्हादकुमार क्षत्रीले बताए । जग्गाधनीलाई जग्गाको सट्टामा जग्गा नै दिने, अन्य जग्गाधनी भएकाले जग्गा सट्टा गर्ने उक्त जग्गाधनीलाई उत्तम विकल्प भएको नगर प्रमुख क्षत्रीले बताए । अन्यथा नगरले गौरवको योजना पूरा गर्न जग्गाधनीलाई उचित मुआब्जा दिएर अघि बढ्ने क्षत्रीले बताए । जग्गाधनी भने नगरले आफूहरूको जग्गाको विकल्प खोज्नुपर्ने, सहमतिबिनै जग्गा रोक्का गर्न नमिल्ने र जबरजस्ती अधिग्रहण गर्ने प्रक्रियमा गए कानुनी न्याय खोज्ने बताउँछन् । नगरले मुआब्जासमेत निर्धारण नगरी जग्गा रोक्का गर्नु गलत भएकाले बसोबासका लागि लिएको उक्त जग्गा पार्कमा दिन नसक्ने गंगाराम खर्गाले बताए । नगरले आफूहरूको आवाज नसुने कानुनी प्रत्रियाबाट अघि बढ्ने उनले बताए ।

## मुआब्जा विवाद...

मुआब्जा उपलब्ध नगराउँदा उनीहरू आन्दोलित नै छन् । यसले स्थानीय जनता लामो समयदेखि समस्यामा परेको भन्दै पटकपटक आन्दोलन गरिरहेका छन् । अधिग्रहण गरेको जग्गा कति हो भन्ने यकिन र सीमाङ्कन नगरी हतार-हतारमा टेन्डर प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको बर्दिबासका स्थानीयवासीहरु बताउँछन् । सीमाङ्कन नगरी माटो फिलिङ गर्दा अधिग्रहण नगरिएको जग्गामा माटो पुरिँदा भोलि विवाद सिर्जना हुने र आयोजनाको निर्माणमै ढिलाइ हुने भएको छ । भंगाहा गाविसको वडा नम्बरको उत्तर तर्फ पानीट्यांकी हुँदै प्रेमनगर कटहरी जाने सडक छुटेको भनी रेल्वे कार्यालयको सिफारिसमा मुआब्जा थप गर्ने निर्णय भएको थियो ।

# धनुषाधाममा माघ मकर मेला आयोजनाका लागि ठेक्का सम्झौता, ४७ सदस्यीय समिति गठन

**खबर दर्पण समाचारदाता**
**माघ ३ गते, जनकपुरधाम**

धनुषा जिल्लाको धनुषाधाम नगर पालिका वडा नं. ३ स्थित श्रो धनुष जनता माध्यमिक विद्यालयको प्राङ्गणमा आगामी माघ मकर मेला माघ मसान्तमा आयोजना गर्न ठेक्का सम्झौता गरिएको छ। वडा अध्यक्ष जयनारायण यादवको अध्यक्षतामा सम्पन्न बैठकमा विभिन्न प्रतिनिधि, नागरिक अगुवा, र स्थानीय नेताहरूको उपस्थितिमा मेला व्यवस्थापनका लागि ४९ सदस्यीय समिति गठन गरिएको हो।

समितिको संयोजक सुनिल यादवलाई बनाइएको छ भने समिति गठन कार्यक्रममा वडा न.१ का वडा अध्यक्ष सुनिल कापर केवट,वडा नं. २ का अध्यक्ष लक्ष्मी साह, वडा नं. ४ का अध्यक्ष मनोजकुमार यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष विनोद यादव, एमाले प्रदेश सदस्य संजय यादव, पूर्व वडा अध्यक्ष रजकिशोर साहलगायतको उपस्थिति थियो।

बैठकले माघ मकर मेला आयोजना गर्न टेन्डर प्रक्रिया मार्फत ठेक्का सम्झौता गरेको छ। धनुषाधाम नगर पालिका वडा नं. १ निवासी दिपक साहले रु १२,७०,००० (बार्ह लाख सत्तरी हजार) मा मेला व्यवस्थापनको ठेक्का पाएका छन्। मेला समितिले मेलाको सफलताका लागि आवश्यक तयारी तथा व्यवस्थापन कार्य तत्काल अघि बढाउने निर्णय गरेको छ। मकर मेलाआर्थिक, सांस्कृतिक तथा धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ।

## महोत्तरीका १३ पालिकामा हुलाक.............

विकाससँगै हुलाक सेवाले पनि आफ्नो कामलाई ढाल्ने गरि गृहकार्य भइरहेको बताउनुभयो ।

सोनमा गाउँपालिकामा हुलाक कार्यालयको बोर्डलाइ अनावरन तथा मैनबती बालेर पालिका हुलाक कार्यालयको उदघाटन गर्नुहुदै उहाँले जनताको पहुँचमा हुलाकलाई पुऱ्याउन कार्यालय लागेको बताउनुभयो । सोनमा गाउँपालिकाका अध्यक्ष विशेश्वर प्रसाद यादवले पालिकामा हुलाक कार्यालयको स्थापनाले गाउँपालिकाका जनताले सरल, सहज तथा सुलभ तरिकाले सेवा पाउने बताउनुभयो ।

सरकारी सेवा गाउँ गाउँसम्म पुर्‍याउन सरकारले गरिरहेको प्रयासको सराहना गर्नुहुदै उहाँले पालिकाका जनताहरुको लागि आफुले मालपोत र नापीको सेवा ल्याउने गरी काममा लागेको बताउनुभयो । जिल्ला हुलाक कार्यालय महोत्तरीका नायब सुब्बा सतिश कुमार साहले पालिकामा हुलाक कार्यालयको स्थापनाले विभिन्न कार्यालयबाट स्थानीय तहमा सरकारी तथा व्यक्तिगत पत्राचार तथा अन्य सन्देश सेवा सहजरुपमा सञ्चालन हुने बताउनुभयो । कार्यालयमा विभिन्न पत्राचार गर्न, पार्सल सेवा, सरकारी सूचना आदानप्रदानका सुविधा प्रदानलगायत अन्य सुविधा प्रदानमा हुलाकबाट सहजता आउने बताउनुहुदै उहाँले सरकारको निर्णय कार्यान्वयन भइरहेमा खुशी व्यक्त गर्नुभयो । हुलाक कार्यालय स्थापना कार्यक्रममा सोनमा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत उमेश प्रसाद साह, हुलाक कार्यालयका कर्मचारीहरु, सोनमा गाउँपालिकाका विभिन्न शाखाका प्रमुखहरु, कर्मचारीहरुको उपस्थिती रहेको थियो । हुलाक कार्यालयले अहिले लोककल्याणकारी प्राप्त गरेका पत्रपत्रिकाहरुको भुक्तानीसहित आन्तरिक तथा वैदेशिक पुलिन्दा, बचत बैंक, धनादेश, बीमा, आन्तरिक वैदेशिक द्रुत डाँक, अनलाइन पोस्ट, मनी ट्रान्सफर, डाँक टिकटलगायत सेवाहरु दिँदै आएको छ ।



मिथिला नगरपालिका
धनुषा



गणेशमान चारनाथ
नगरपालिका, धनुषा



औरही नगरपालिका,
महोत्तरी

Service to Save Life

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्‍वाँको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मधेश प्रदेश नामकरण भएको सम्झनामा सरकारले मनाए स्वाभिमान दिवस

**खबर दर्पण समाचारदाता**
**माघ ३ गते, महेन्द्रनगर**




मधेश प्रदेश नामकरण भएको सम्झनामा माघ ३ गते मधेश प्रदेश सरकारले मनाउँदै आएको मधेश स्वाभिमान दिवस यस वर्ष दिपावली गरी मनाएको छ ।

मधे प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेश अन्तर्गतका सबै मन्त्रालय, निकाय र कार्यालयमा यस वर्ष आजका दिन साँझ दीप प्रज्ज्वलन गर्न गरेको आग्रह बमोजिम प्रदेशका सबै मन्त्रालयमा दीप प्रज्ज्वलन गरी दिवस मनाइएको हो ।

मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा आयोजित दीप प्रज्ज्वलन कार्यक्रममा गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी विभिन्न दलका प्रदेशसभा सदस्यसहित मन्त्रालयका कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रमपछि सञ्चार कर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले देशमा संघीयता आएपछि विभिन्नखालका विकास निर्माणको कामले गति लिएको भन्दै संघीयतालाई संस्थागत गरी अघि बढने काममा सबैको सहयोग आवश्यक भएको बताउनुभयो ।

उहाँले संघीयतामाथि प्रश्न उठाउनु गलत भएको भन्दै संघीयतामाथि प्रश्न उठयो भने संविधानमाथि नै प्रश्न उठ्ने भएकाले संघीयतामाथि कुनै प्रकारको प्रश्न उठाउनु जायज नभएको बताउनुभयो । त्यसै गरी मधेश स्वाभिमान दिवसको अवसरमा मधेश प्रदेशको राजधानी जनकपुरधामसहित मधेश प्रदेशभरी विभिन्न संघ सस्थाहरुले विभिन्न कार्यक्रमको आयोजनागरी स्वाभिमान दिवस मनाएको छ ।

# महोत्तरीका १३ पालिकामा हुलाक कार्यालय स्थापना




**खबर दर्पण समाचारदाता**
**माघ ३ गते, बर्दिवास**

'एक पालिका, एक हुलाक' अवधारणा अन्तर्गत महोत्तरी जिल्लाको पालिकाहरुमा पालिका हुलाक कार्यालय स्थापना कार्यान्वयन भइरहेको छ । महोत्तरी जिल्लामा १० नगर पालिका र पाँच गाउँपालिका गरि १५ वटा पालिका छन् ।

जिल्ला हुलाक कार्यालय महोत्तरीका कार्यालय प्रमुख रामचन्द्र साहले महोत्तरी जिल्लामा १३ वटा पालिकामा हुलाक कार्यालय स्थापना भइसकेको जानकारी दिनुभयो। उहाँले जलेश्वर नगर पालिकामा जिल्ला हुलाक कार्यालय नै रहेको तथा जिल्लाको औरही नगरपालिकामा हुलाक कार्यालय स्थापना हुन बाँकी रहेको जानकारी दिनुहुँदै चाँडै नै त्यहाँ पनि पालिका हुलाक कार्यालय स्थापना गरिने बताउनुभयो ।

सरकारले हरेक पालिकामा हुलाक कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने नीतिबमोजिम कार्यालय सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख साहले बताउनुभयो । उहाँले वुधबार मात्रै महोत्तरी जिल्लाको सोनमा गाउँपालिकामा हुलाक कार्यालय स्थापना गरि सञ्चालनमा ल्याएको बताउनुहुँदै पालिकाहरुको विभिन्न ठाउँमा पठाइने चिठीपत्र अब हुलाकले बोक्ने विश्वास व्यक्त गर्नुभयो । सूचना प्रविधि र यातायातको विकास नभएको अवस्थामा समेत सर्वसुलभ रुपमा हुलाकले योगदान पुऱ्याएको बताउनुहुँदै सूचना प्रविधिमा भएको तीव्र

*बाँकी पृष्ठ ३ मा*


## शीतलहरबाट बच्ने उपायहरु:

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आवश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छँदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

**रामगोपालपुर नगरपालिका**
**महोत्तरी**



## सूचना ! सूचना !! सूचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१।०९।०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यलाई उपस्थितीको लागि अनुरोध गरिन्छ। यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियो मार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीको लागि अनुरोध गरिन्छ

**तपशील**

मिति : २०८१।१०।१२ शनिवार
समय : ११ बजे देखी
स्थान : IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
अध्यक्ष

**समाज वचत तथा ऋण सहकारी संस्था**
बर्दिबास -०१, महोत्तरी
सम्पर्क नम्बर : ९८१९८१४४३६,९८४४०५२६३८



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,